# पञ्चकन्या गाउँपालिका

## लाकुरीभञ्ज्याङ्ग, नुवाकोट

# आ.ब. २०७६/०७७ को लागि प्रस्तावित
# वार्षिक नीति तथा कार्यक्रम

१० असार २०७६

यस पञ्चकन्या गाउँपालिकाको सातौं गाउँसभाका उपाध्यक्ष, प्रमुख अतिथि, विशेष अतिथि,

उपस्थित सम्पुर्ण अतिथिगण,
गाउँसभाका सदस्यहरु,
सम्पुर्ण कर्मचारीहरु
पत्रकार मित्र तथा
उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु,

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरे बमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२।६३ को जनआन्दोलन, मधेश आन्दोलन, दुईपटकसम्म संविधानसभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भइसकेर हाल कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारत: रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भईसकेर आज हामी पञ्चकन्या गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही यो कार्यक्रममा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षीत भएका छौ ।

देशलाई यस स्थितिमा ल्याइपुर्याउन आफ्नो प्राणोत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञातअज्ञात व्यक्तिहरुलाई सम्झन चाहन्छौ । संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबार, आफ्नो गाउँ आफै बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,
अव म यस पञ्चकन्या गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १) संघियता कार्यान्वयन:

क) संघियता कार्यान्वयन स्वरुप प्रथम पटक ऐतिहासिक स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधि विहीन अवस्थाको अन्त्य भएको २ वर्ष पुरा भएको छ । अवका दिनमा पञ्चकन्या गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित र यस क्षेत्रको माटो सुहाउादो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिइएको छ ।

## २) पुर्वाधार विकास

क) विकासको लागि पञ्चकन्यालाई पर्खने सुविधा नभएको हुंदा विकासमा आलटाल गर्ने सुविधाबाट सम्पुर्ण स्थानिय सरकारका प्रतिनिधिहरुलाई वञ्चित गर्दै विकासमा जनप्रतिनिधिहरुको उपस्थितिलाई वढोत्तरी गर्दै लगिने छ ।

ख) नुवाकोटको सदरमुकाम विदुर वाट करीव १२ कोष टाढा रहेको यस विकट भुभागमा जिल्ला सदरमुकाम आउने बाटोहरुमा लेक काटेर आउनुपर्ने अवस्था यहाँहरुलाई अवगत नै छ । यस क्षेत्रको जनजीवनलाई सहज बनाउन नेपाल सरकारको केन्द्रिय नीति अनुरुप नै विदुरबाट सडक सुविधा विस्तार गर्ने कुरामा हामी प्रतिवद्ध छौ । जसले गर्दा स्थानीयस्तरमा व्यापार प्रवर्द्धन हुनाका साथै यस क्षेत्रका जनताको आधारभुत आवश्यकता पुरा गर्न बजारको व्यवस्था भई पुँजी परिचालनमा समेत ठोस मद्दत पुग्ने विश्वास लिइएको छ । यसका साथै गाउँपालिकामा पुर्वाधार विकास गरी समृद्ध बनाउने क्रममा क्रमशः गाउपालिका भित्रका प्रत्येक वडाहरुलाई १२ महिना सडक संञ्चालन गर्न सकिने गरी सडक स्तरोन्नती गर्ने तर्फ ध्यान केन्द्रित गरिनेछ। गाउँपालिकालाई एक रिङरोडले जोड्ने परिकल्पना अनुरुप नया सडक सञ्जालको खोजी स्वरुप बानियाटार र चमेरे गुफा हुदै आपचौर क्षेत्र जोड्ने नयाँ सडक निर्माण कार्य सुरु भैसकेको छ। आगामी तिन (३) वर्ष भित्रमा गाउँपालिको कार्यालय देखि सबै वडामा पुग्ने सडकलाई कालोपत्रे गरिने नीति अनुरुप छहरे राष्ट्रिय मा.वि. हुदै गाउपालिका जोड्ने सडक, कुण्डला घलेभञ्ज्याङ्ग सडक, सातविसे उदयजालपा घलेभञ्ज्याङ्ग सडक, आपरह राऊटार मानेथोक हुदै घलेभञ्ज्याङ्ग, सहरेटार सुवेदीडाडा आले मिश्रगाउ २ नं. वडा कार्यालय सडक र आठविसे आंपचौर वानियाटार सडक लगायत अन्य सडकहरुको डिपिआर सम्पन्न भई सकेको तथा विभिन्न छरिएर रहेका सडकहरुलाई सन्जालिकरण गरि गाउँपालिकामा चक्रपथ निर्माण गर्नका लागि बांकी क्षेत्रको सडकको पहिचान गरि चक्रपथ निर्माणको प्रारम्भिक चरण पुरा गरिनेछ।

ग) उपभोक्ता समिति मार्फत गरिने विकास निर्माणका कार्यलाई प्रभावकारी वनाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ । उपभोक्ता समितिलाई विकासका योजनाहरुमा अपनत्व र स्वामित्वको प्रत्याभुत गराउन कार्य शुभारम्भ गर्दाकै वखत आर्थिक ऐनले तोकको जिम्मेवारी पुरा गराउन आवश्यक कदम चालिनेछ।

## ३) सामाजिक विकास तथा सामाजिक न्याय

क) गाउँपालिका भित्र दर्ता भएका सम्पुर्ण देवानी प्रकृतिका मुद्दाहरुलाई छिटो र छरितो ढंगले छिनोफानो गरि पिडितलाई न्याय प्रदान गर्न आवश्यक ऐन, नियमहरुको निर्माण कार्यलाई तिव्रता प्रदान गर्दै न्यायिक समिति मार्फत सत्यको अन्वेषण गर्ने कार्यलाई थप प्रभावकारी वनाई सभ्य र शान्त समाजको निर्माणको अभियानलाई प्राथमिकतामा राखिनेछ।

ख) कानुन सवैले जान्नुपर्छ र मान्नुपर्छ । कानुनको अनभिज्ञता क्षम्य हुदैन भन्ने मान्यतालाई आत्मसात गर्दै समाजमा शान्ति र अमनचयन कायम गर्न सुरक्षा व्यवस्था कडा वनाउनै पर्छ। सोहि कुरालाई मध्यनजर गर्दै गत आ.व. २०७५।०७६ देखि नै यस गाउपालिकामा ईलाका प्रहरी कार्यालयको स्थापना भैसकेकोमा यस आ.व. देखि गाउँपालिकाका ५ वटै वडामा प्रहरी विट विस्तारको थालनी गरि थप सुरक्षाकर्मी उपलब्ध गराउन सम्वन्धित निकायमा पहल गरिनेछ।

ग) समाजमा रहेका विविध जानजाती, लिङ्ग, भाष, संस्कृति र धर्मको वीचमा रहेका संकिर्णताहरुको अन्त्य गरि सामाजिक सद्भाव र एकता कायम गराउन साझा सामाजिक भावना पैदा गराउन आवश्यक जागरण अभियानको शुरुवात गरिनेछ।

घ) यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपांग, महिला सुकुम्वासी लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । लैगिक विभेदमार्फत महिलाको स्थान समाजमा पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, आफुले संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अबको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाए नपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गर्दै जिवन उपयोगी तालिम मार्फत आत्मनिर्भरता तर्फ अग्रसर गराईनेछ ।

ङ) सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिनेछ । यस कार्यक्रम संघीय सरकार मार्फत सञ्चालन हुने भएपनि लाभग्राहीहरुको विवरण अनलाइन अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम समयमा नै प्राप्त गर्ने व्यवस्था मिलाउदै सार्वजनिक स्थानमा सुंचना टांस गरि सोको जानकारी सर्वसाधारण नागरिक सम्म पुर्‍याउने व्यवस्था गरिनेछ ।

च) न्याय सम्पादनको लागी ऐन नियम तथा कानुनहरु आवश्यकता अनुरुप निर्माण तथा परिमार्जन गरिनेछ ।

छ) मानसिक शुद्धीकरण विना सामाजिक रुपान्तरणको खोजी गर्नु भनेको बन्द अध्यारो कोठामा निदाईरहेको कालो विरालो खोज्नु सरह हो । त्यसैले समाजमा व्याप्त लैंगिक, धार्मिक, जातिय लगायत अन्य कारणबाट मानसिक समस्याले ग्रस्त नागरिकहरुको मनोवैज्ञानिक समस्या सुधार गरि विकासको अभियानमा समावेश गराउन आवश्यक कार्यक्रम संचालनलाई वढोत्तरी गरिनेछ ।

ज) अपांगमैत्री रोजगारीका अवसरहरुको खोजी गरि सफलताको वाधक असमक्षता होईन भन्ने भावना जागृत गराई गाउँपालिका भित्र रहेका अपांगहरुलाई स्वावलम्वन तर्फ उन्मुख गराउन यसै आ.व. २०७६।०७७ देखि **"अपागं संग जनप्रतिनिधि"** कार्यक्रमको थालनी गरिनेछ ।

झ) गाउँपालिका भित्र सडक छेउछाउमा नव निर्माण हुने घरहरुले अनिवार्य रुपमा गाउँपालिकाले तोकेको मापदण्ड बमोजिमको निश्चित जमिन छोडेर वासस्थान निर्माण गर्नु पर्ने प्रावधान कडाईका साथ लागु गरीने छ ।

## ४) खानेपानी तथा सरसफाई

क) गाउँपालिका भित्रका चुनौतीको रुपमा रहेको खानेपानी अभावको अन्त्य गरी जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ ।

खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ । फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने तथा यस सम्बन्धमा **एक घर एक धारा** को नीतिलाई मुर्तता दिन कार्यक्रमहरु यसका लागी पानकि मुहानहरुको अभिलेखिकरण गर्दै DPR गर्न सुरु गरीने छ । वहुवषिय खानेपानी आयोजना संञ्चालन गर्न DFID संग तथा साना खानेपानी आयोजना सम्पन्न गर्न UNICEF, UNDP, Maltreser International, स्थानिय विकास साझेदार RUDEC, RSDC, OXFAM लगायत अन्य सहयोगी हातहरुसंग समन्वय र सहकार्य गरी आर्थिक तथा प्राविधिक स्रोतको खोजीमा विशेष कदम उठाईने छ ।

ख) गाउँपालिका भित्र रहेको खानेपानिको व्याप्त समस्यालाई हल गर्न भुमिगत श्रोतको पहिचान गरि सुविधा प्रदानको थालनी भईसकेको हुंदा आवश्यकता अनुसार सो कार्यलाई अन्य समस्याग्रस्त क्षेत्रहरुमा समेत विस्तार गर्दै वैज्ञानिक एवं समानुतिक वितरण प्रणालि मार्फत सवै नागरिकलाई खानेपानिको व्यवस्था गर्न वडा नं. १ र वडा नं. २ का केही वस्तीहरुमा मिटर जडान सहितको दिगो खानेपानि व्यवस्थापन सम्पन्न गरि अन्य वस्ती तथा वडाहरुमा समेत मिटर जडानको प्रक्रिया थालनी गरिनेछ ।

ग) गाउँपालिका भित्र रहेका खानेपानि तथा सरसफाईको समुचित व्यवस्थापनको लागि आवश्यक समिति/संस्थालाई जिम्मेवारी हस्तान्तरण गरिनेछ ।

## ५) आर्थिक प्रशासन

क) करको दर वढाएर भन्दा करको दायरा फराकिलो वनाएर आन्तरिक आम्दानी वढोत्तरी गर्न सकिन्छ भन्ने नीतिलाई अवलम्वन गर्दै गाउँपालिकाको यथेष्ठ आन्तरिक आम्दानीलाई संघिय सरकार र प्रदेश सरकारको अनुदान संग मिश्रण गरि विकासका प्रत्येक आयामहरुमा सफलताको खोजी गर्दै अघि वढ्ने अभियानको शुरुवात गरिनेछ ।

ख) यस क्षेत्रमा उठ्ने राजस्वलाई थप व्यवस्थित गरि राजस्व परिचालन तथा राजस्व चुहावटको नियन्त्रणमा जोड दिई हुन सक्ने सम्भावित राजश्व चुहावटलाई रोक्न शुक्ष्म निगरानी गरी दोषीलाई कारवाहीको दायरामा ल्याईनेछ । यस क्षेत्र वाट उठ्ने राजस्व वाडँफाडको लागि संघीय सरकार, प्रदेश सरकार तथा अन्य विभिन्न निकायसँग समन्वय गरिनेछ ।

ग) यस गाउँपालिका क्षेत्रमा वैंक तथा वित्तिय संस्थाहरु सञ्चालनमा छैनन् । आगामी वर्षमा नेपाल राष्ट्र वैंकको नीति तथा देशका सम्पुर्ण स्थानीय तहमा वित्तिय संस्था खोल्ने सरकारको घोषणालाई कार्यान्वयनमा ल्याउन आवश्यक सहजीकरण गरिनेछ साथै गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठनलाई निरन्तरता दिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ । नेपाल राष्ट्र वैकंको निति अनुरुप १ गाउँपालिका, १ वैकंको अवधारणा अगाडी सारेको भए पनि पञ्चकन्या गाउँपालिकामा वैंक आउन उदासिनता देखाएकोले सोको जानकारी

नेपाल राष्ट्र बैंकलाई दिई तोकिएको बैंक वा अन्य वैंक ल्याउन आवश्यक पहल गरिनेछ ।

## ६) महिला तथा वालवालिका

क) सृष्टिको सञ्चालिका नारीको सुत्केरी अवस्था र नवजात शिशुको शारिरिक स्थास्थ्य समस्यामा सुधार ल्याउन **"गर्भवतीकी साथी उपाध्यक्ष"** कार्यक्रम संचालन गर्दै मातृ शिशु मृत्युदर न्युनिकरण गर्न पौष्टिक आहार र न्यानो झोला वितरण कार्यलाई प्राथमिकताका साथ अघि वढाईने छ ।

## ७) कृषि तथा पशु

क) पञ्चकन्या गाउँपालिकामा कृषि अन्न तथा वालीहरु उत्पादनको लागि मौसम प्रतिकुल छ तथापी जिल्लाका अन्य स्थानभन्दा राम्रो खेतिको सम्भावना भएको हुँदा अनुकुल समयमा उत्पादन हुने कफि, आलु, अलैंची, धान, मकै लगायतका वाली उत्पादन बढाउने तर्फ आवश्यक कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ । जनताको खाद्य सम्प्रभुता र खाद्यसुरक्षाको अधिकारलाई सार्थकता दिन यस क्षेत्रमा नेपाल सरकारले दिदै आएको खाद्यान्न अनुदानको कोटालाई बढाउन र त्यसमा गुणस्तरियता कायम गर्नेतर्फ थप पहल गरिनेछ । पशुपालनको रुपमा साकिनि कुखुरा र वाखाको व्यवसायिक उत्पादन गरी पशुजन्य उत्पादन अभिवृद्धि गर्नुका साथै निर्यात गर्नेतर्फ कार्यक्रमहरु ल्याइनेछ । यस क्षेत्रलाई पकेटक्षेत्रको रुपमा विस्तार गर्न प्रत्येक वडा सुहाउँदो वाली तथा फलफुलको सम्भाव्यता अध्ययन गरि वडा नं १ लाई आलु, वडा नं २ लाई मेवा र केरा, वडा नं ३ लाई अदुवा, वडा नं ४ लाई अलैंची र वडा नं ५ लाई सुन्तलाको पकेट क्षेत्र घोषणा गरी कार्यक्रम संचालन गरीने छ । प्रत्येक वडाहरुमा कृषि सेवा केन्द्र स्थापना गर्ने कार्यलाई यसै आ.व. भित्र पुर्णता प्रदान गरिनेछ ।

ख) एक वडा एक घाँसको स्रोत केन्द्र स्थापना मार्फत घाँसको विकास र विस्तार गरी पशुपालन पेशालाइ सहज वनाउने प्रक्रियाको निरन्तरता दिने, सामुहिक खेती र करार खेतीको अवधारणलाई कार्यरुपमा उतार्न सामुहिक खेती गर्ने, कृषकहरुलाई एकीकृत रुपमा प्राविधिक सहायता उपलब्ध गराउने व्यवस्था मिलाईने छ भने सरकारी, निजी र सहकारी क्षेत्रको संलग्नतामा शित घर निर्माण गर्न माथिल्लो सरकार संग समन्वय गरिनेछ । खाद्य सम्प्रभुता र खाद्य सुरक्षाको हकलाई व्यवस्थित गर्न कृषिमा व्याप्त विचौलिया प्रथालाई निरुत्साहित गर्दै कृषक र उपभोक्ता विच प्रत्यक्ष सम्पर्क स्थापित गर्ने, दुई वटा वडामा दुग्ध संकलन केन्द्र स्थापना भईसकेकोमा वाकी वडाहरुमा समेत यसै वर्ष भित्रमा स्थापना गर्न थालनी गरिनेछ । सवै पशुसेवा केन्द्रहरुबाट प्रभावकारी ढंगले सेवा प्रवाह गर्दै जानेछ । गाउँपालिका भित्र रहेको मासु पसलहरुलाई अनिवार्य दर्ताको प्रक्रियामा ल्याई एक वडा एक सुधारीएको मासु पसल व्यवस्थापन कार्यको थालनी गरिनेछ ।

## ८. संस्कृति तथा पर्यटन

क) पञ्चकन्या गाउँपालिकालाई उत्कृष्ट पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न पञ्चकन्या सप्तकन्या, कपिलेश्वर कात्तिकेश्वर लगायत अन्य मठ मन्दिर तथा गुम्वाहरु, घ्याङस्वारा टोड्के भञ्ज्याङ्ग, चमेरे गुफा, यस क्षेत्रको कला, संस्कृती, रितिरिवाजहरुको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नको लागी

डकुमेन्ट्री निर्माण गर्ने, सामाजीक सञ्जालवाट प्रचार प्रसार गर्ने तथा राष्ट्रिय टेलिभिजन मार्फत प्रशारण गर्ने लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

ख) आन्तरीक तथा वाह्य पर्यटकहरुको संख्या वृद्धि गर्न पर्यटकहरु आउने पर्यटकीय मार्गहरुको सुधार गर्ने, होटल तथा अन्य सेवा उद्योगहरुको संख्या वृद्धि गर्ने, पर्यटन व्यवसाय गर्ने व्यक्ति तथा संस्थाहरुलाई प्रोत्साहन गर्ने, होमस्टे हाउस सञ्चालन गर्न उत्प्रेरित गर्ने, पदयात्रीहरुको जानकारीका लागि ठाउँठाउँमा पर्यटकीय जानकारीहरु, उचाई तथा उक्त क्षेत्र भ्रमण गर्दा अपनाउनुपर्ने सावधानी तथा पुर्वतयारीका वारेमा जानकारी सहितका वोर्डहरु राख्ने कार्य यसै आर्थिक वर्षभित्र शुरुवात गरिनेछ । यसको लागि घ्याङस्वारा लाई विशेष प्राथमिकतामा राखी पर्यटन पूर्वाधार निर्माण कार्यलाई तिव्रताका साथ अघि वढाईने छ । सवै वडाहरुवाट गाउँपालिका प्रवेश गर्ने प्रवेशद्धारहरु निर्माण सम्पन्न गरिनेछ ।

## ९. उर्जा

क) उर्जा विकासको महत्वपुर्ण पुर्वाधार हो । यस गाउँपालिका क्षेत्रभित्र विगतमा सुधारिएको चुलोको प्रयोग व्यापक रुपमा गरिएको छ, जुन असाध्यै सह्रानीय छ । वातावरणमैत्री उर्जाको प्रयोगमार्फत यस गाउँपालिकालाई समृद्ध बनाउन प्रयासरत सम्पुर्ण दातृ संस्था, नेपाल सरकार, यस क्षेत्रका सम्पुर्ण जनता तथा सरोकारवालाहरुलाई धन्यवाद समेत व्यक्त गर्न चाहन्छु । आगामी दिनमा वनजंगल तथा वातावरण जोगाउन वैकल्पिक उर्जामार्फत दाउराको प्रयोगलाई क्रमशः विस्थापन गर्ने नीति लिइनेछ ।

ख) **हरेक घर उज्यालो घर** कार्यक्रम संचालन गरि विद्युतको भरपर्दो व्यवस्था गर्न विगतमा यस क्षेत्रमा सञ्चालनमा रहेका लघुजलविद्युत आयोजनाहरुलाई सञ्चालनमा ल्याई स्थानीय जनतालाई विद्युत उपभोगको प्रवन्ध मिलाउनेतर्फ उर्जा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण तथा अन्य दातृ निकायहरुसँग सहकार्य गरी यस गाउँपालिकाको अवको पाइला लघुजलविद्युत उत्पादन तर्फ केन्द्रित हुनेछ । यसका लागि सम्भाव्यता अध्ययन गरी नेपालको पानी जनताको लगानी भन्ने संघिय सरकारको नीती अनुरुप स्थानिय व्यक्तीहरुको लगानीलाइ प्रोत्साहन गरीनेछ । साथै विद्युतबाट प्राप्त रोयल्टी उपयोग गरि विभिन्न सार्वजनिक स्थानहरुमा सौर्य वत्तिको जडान मार्फत उज्यालो पञ्चकन्याको अभियानलाई तिव्रताका साथ अघि वढाईनेछ ।

ग) वैकल्पीक उर्जाको अभावका कारण  वर्षेनि हजारौं रुखका विनाश भइ वातावरणमा उच्च जोखिम आउने हुनाले वैकल्पीक उर्जाको स्रोतहरुको खोजी तर्फ पहल कदमी गरी अवैध रुख कटानलाई निरुत्साहित गर्दै वनक्षेत्र विस्तार कार्यक्रमहरु संञ्चालन गर्ने व्यवस्था गरीने छ । हरित विद्यालयको अवधारणालाई प्राथमिकताका साथ अगाडी वढाईनेछ । वातावरणीय सन्तुलन र मानवीय सुरक्षा लगायतका विषयमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम सञ्चालन गर्ने, नदीनियन्त्रण, पहिरो नियन्त्रण, जलाधार संरक्षण, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका विषयलाई महत्वका साथ सम्बोधन गरिनेछ । आगामी आर्थिक वर्ष भित्र यस गाउँपालिकालाई काठे पोल रहित गाउँपालिका वनाईनेछ ।

## १०) सुचना तथा सञ्चार

क) आजको युग सुचना र सञ्चारको युग हो । सुचना र सञ्चार प्रविधिविना समृद्धिको परिकल्पना गर्न सकिदैन । भरपर्दो संचार व्यवस्था हुन नसक्दा यहाँका बासिन्दा सञ्चारविहीन हुनुपरेको अवस्था विदितै छ । टेलीफोन प्रयोगलाई गुणस्तरीय अवस्थामा ल्याउनका लागि नेपाल टेलिकमसँग समन्वय गरि ल्याण्ड लाईन विस्तार गर्ने र अन्य सेवा प्रदायकहरुको सेवालाई समेत गुणस्तरीय वनाउने तर्फ पहल गरिनेछ । एउटा वडामा एउटा टेलिफोन जडान गर्नेतर्फ आवश्यक पहलकदमी गरिनेछ ।

ख) सम्पुर्ण वडाहरुलाई प्रविधिमैत्रि वनाउदै अनलाईन मार्फत सेवा प्रवाह गर्ने व्यवस्थाका लागि आवश्यक पुर्वाधारको सञ्जालीकरण गरिनेछ ।

ग) यसका साथै गाउँपालिकाको गतिविधिहरुलाई जनताहरु सम्म प्रवाह गर्नेको लागि गाउँपालिकाको पहलमा स्थानिय एफ्. एम् सेवा संचालन गरिनेछ । गाउँपालिकाको वेवसाईटलाई अद्यावधिक गर्दै सरोकावालाहरुलाई वेवसाईट मार्फत सुचित गर्ने व्यवस्था गरिनेछ ।

उपस्थित सम्पूर्ण माहानुभावहरु,

## ११. शिक्षा

क) यस गाउँपालिकाको कतिपय  क्षेत्र पछाडि पर्नाका एक महत्वपुर्ण कारण शिक्षा क्षेत्रमा पिछडीनु नै हो । यस गाउँपालिका क्षेत्रमा २८ वटा सामुदायिक विद्यालय सञ्चालनमा रहेका छन् । तीमध्ये पनि कतिपय विद्यालयमा शिक्षकको अभाव रहेको छ भने कतिपयमा बालबालिकाको भर्नादर न्युन रहेको छ । यसक्षेत्रका विद्यालयलाई थप व्यवस्थित गर्न, यस क्षेत्रका सामुदायिक विद्यालयमा बालबालिकाको विद्यालय छोड्ने दर कम गर्न तथा विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउनका लागि भर्ना कार्यक्रमहरु, अभिभावकको लागि जनचेतना कार्यक्रमहरु ल्याइनेछ ।

ख) शिक्षाको संरचना पनि गाउँपालिकामा आइसकेको सन्दर्भमा विद्यालय क्षेत्र विकास कार्यक्रम, सवैका लागि शिक्षा, जीवनपर्यन्त शिक्षा, प्रौढ शिक्षा, चेलीवेटी शिक्षा, युवा शिक्षा, लगायतका कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । वालमैत्री स्थानीय शासन कार्यक्रम  वालमैत्री विद्यालय, खेल्दै सिक्दै लगायतका कार्यक्रमहरुलाई समावेश गर्दै लगिनेछ । विद्यालयको पुर्वाधार विकास, वैदेशिक अनुदानलाई गाउँपालिकामार्फत ल्याउने, शिक्षकको पेशागत हकहित तथा कामप्रतिको प्रतिवद्धतामा वृद्धि गरी यस क्षेत्रको साक्षरता दर बृद्धि तथा SEE मा उत्कृष्ठ स्थान हासिल गर्ने २ जना छात्र तथा २ जना छात्रा, र दलित विद्यार्थीहरुमा उत्कृष्ट नतिजा ल्याउन योगदान गर्ने थप १/१ जना छात्र/छात्रा सहित उत्कृष्ट नतिजा ल्याउन योगदान पुर्‍याउने शिक्षक र विद्यालय लाई समेत सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ । यसका अलावा प्रत्येक वडामा एक ई-पुस्तकालय समेतको सुचना  केन्द्र स्थापना गरी समुदायमा हस्तान्तरण मार्फत सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

ग) वालबिकास शिक्षक, विद्यालय सहयोगी र विद्यालय कर्मचारीहरुलाई पोषाक प्रदान गर्ने कार्यको निरन्तरता र थप व्यवस्था गरिनेछ । शिक्षा क्षेत्रमा देखिएको नीजि स्रोतका शिक्षककहरुको समस्या सम्बोधनको लागि यस गाउँपालिका भित्र कार्यरत निजामति कर्मचारी, स्थायी, अस्थायी, राहत तथा नीजि स्रोतका शिक्षक लगायतका सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुको तलववाट १ प्रतिशत रकम कट्टा गरी सोहि बराबरको रकम गाउँपालिकावाट थप गरी स्वास्थ्य तथा शिक्षा प्रवर्द्धन फण्ड तयार गर्ने कार्य यसै आर्थिक वर्षवाट शुरु गरिनुका साथै शिक्षक स्वयंसेवा कार्यक्रम संचालनमा ल्याईने छ ।

घ) विद्यालयमा वालवालिकाको भर्नादर वृद्धि गर्न र विद्यालय छोड्ने दर लाई न्युनीकरण गर्न अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिका भित्र रहेका विद्यालयहरुलाई प्लस टु सञ्चालन गर्न प्रारम्भिक अवस्थामा अनुदान मार्फत प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ ।

ङ) एक स्थानिय तह - एक प्राविधिक विद्यालय, एक स्थानिय तह - एक नमुना विद्यालय र एक विद्यालय - एक नर्स जस्ता कार्यक्रमहरुलाई प्रभावकारी ढंगले सञ्चालनमा आवश्यक पहल कदमी गरिनेछ ।

च) शिक्षा एउटा त्यस्तो हतियार हो जसले विश्व वदल्न सक्छ त्यसैले कुनैपनि नागरिकले शिक्षा जस्तो मौलिक हकवाट वञ्चित हुनु नपरोस् भन्ने ध्येयले पारिवारिक र आर्थिक समस्याको कारणवाट विद्यालयको शैक्षिक ज्ञान प्राप्त गर्नवाट वञ्चित टुहुरा र दलित वाल वालिकालाई शिक्षाको मन्दिरमा प्रवेश गराउन **"टुहुरा र दलित वालवालिकाको साहारा अध्यक्ष"** कार्यक्रम मार्फत आर्थिक सहयोग प्रदान गर्ने कार्यको थालनी गरिनेछ ।

## १२. स्वास्थ्य र खेलकुद

क) स्वास्थ्य नै धन हो भन्ने मान्यतालाई आत्मसात गर्दै यस क्षेत्रमा स्वास्थ्य सेवा अभिवृद्धि गर्नेतर्फ पहल गरिनेछ । गाउँपालिका क्षेत्रभित्रमा स्वास्थ्य चौकि वर्थिङ सेन्टर यस क्षेत्रमा स्वास्थ्य चौकि स्थापना गर्नका लागि पहल गर्नुका साथै स्वास्थ्यकर्मीको बसाईलाई टिकाइ राख्न उचित कार्यक्रमहरु सुरुवात गरिनेछ । नेपाल सरकारको नागरिक स्वास्थ्य विमा कार्यक्रम, म स्वस्थ मेरो गाउँपालिका स्वस्थ जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । स्वास्थ कार्यालयको संरचना समेत यस कार्यालयमा आउने प्रतिवद्धता भइसकेकोले उक्त स्वास्थ्य कार्यालय मार्फत भएका सम्पुर्ण कार्यक्रमलाई अक्षरस: पालना गरिनेछ । गाउँपालिकालाई पुर्ण खोपयुक्त, पुर्ण सरसफाई सुनिश्चित गाउपालिका घोषणा गरिसकिएको हुदा सो को निरन्तर सुनिश्चितताको लागि आवश्यक कार्यकम संचालन गरिने छ । साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु परिचालन, ग्रा.स्वा.का.हरु परिचालन गर्न थप पहल गरिनेछ । युवा युवतीहरुको लागि यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । गाउँघर क्लीनीक संचालन कार्यक्रमलाई प्राथमिकताका साथ अघि वढइने छ । साथै स्वास्थ्य केन्द्रहरुमा ल्याव संचालन कार्यको समेत थालनी गरिने छ ।

ख) यस गाउँपालिका भित्र रहेका गर्भवती महिलाहरुको लागत संकलन गर्दै Telemedicine को कार्यक्रम संचालन गर्ने तथा Birthing At Health Centre को अभियान सञ्चालन गरी यस गाउपालिकालाई **घरमा बच्चा नजन्माउने** गाउँपालिकाको रुपमा घोषणा गर्ने व्यवस्था गरीने छ। साथै नेपाल सरकारले हरेक गाउापालिकामा १५ शैयाको अस्पताल बनाउने कार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण गर्न पहल गरिनेछ क्यान्सर मृगौला तथा मुटु रोगीहरुको लागी उपचामा आर्थिक सहयोग गर्न आन्तरीक श्रोतको केही प्रतिशत रकम प्रयोग गरीने छ । यस कार्यक्रमलाई हामिले गत वर्ष देखिनै कार्यान्वयनमा ल्याएको भए पनि यसलाई आगामि दिनमा पनि निरन्तरता दिईनेछ।

ग) स्वस्थ र शिर्जनशिल युवाका लगि खेलकुद विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ र खेलकुद विकासका पूर्वाधार बनाउने कार्यलाइ तिव्रता दिइनेछ। एक वडामा एक खेल मैदान निर्माण गर्ने अभियानको थालनी गरी वडा नं ३ को लप्टनडाडाको खेल मैदान लाई गाउँपालिकाको खेल मैदानको रुपमा विकास गर्ने तथा यस गाउँपालिकाबाट राष्ट्रिय एवम् अन्तराष्ट्रिय खेलमा सहभागी हुने तथा पदक विजेता खेलाडीलाई प्रोत्साहन स्वरुप सम्मान पुरस्कार र भत्ताको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

घ) गाउँपालिका भित्रको खेलकुद प्रवर्द्धन गर्नका लागि विद्यालय स्तरीय विभिन्न खेलकुद प्रतियोगिताको सञ्चालन गर्नुको साथै अन्तर्पालिका स्तरीय **मेयर कप** भलिवल प्रतियोगिताको शुरुवात समेत यसै आ.व. बाट गरिनेछ।

ङ) जेष्ठ नागरिकहरुलाई घरघरमै गई नियमित स्वास्थ्य जाच गर्न घरघरमा स्वस्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

च) प्रत्येक वडामा एक पटक विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

## १३. सुशासन

क) कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुबाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरु मार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ।

ख) यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ, यस क्षेत्रमा कर्मचारी नियमित बस्ने, गाउँवासीको पिरमर्का सुन्ने, जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई अक्षरस: कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ। विकट भौगोलिक क्षेत्रमा आई काम गर्नुपर्ने बाध्यता भएकाले यथाशक्य प्रोत्साहन भत्ताको व्यवस्था मिलाउनेतर्फ पहल गरिनेछ। गाउँपालिकाको कर्मचारीहरु मध्येवाट उत्कृष्ट कर्मचारी छनौट गरी हरेक बर्ष प्रोत्साहन स्वरुप सम्मान र पुरस्कृत गर्ने साथै गाउँ कार्यपालिकाको कार्यालयमा उक्त उत्कृष्ट कर्मचारीको फोटो राखिनेछ। कानुन विपरीत कार्य गरि आचरण उलंघन गर्ने तथा

आफ्नो कर्तव्य पुरा नगर्ने कर्मचारीहरुलाई कानुन अनुसारको दण्डको व्यवस्था गरिनेछ ।

ग) सवै विद्यालय, गाउँपालिका र गाउँपालिका अन्तर्गतका सम्पुर्ण कार्यलयहरुमा अनिवार्य रुपमा विद्युति हाजिरी मेसिनको प्रयोग गरी सुशासनको अभ्यासलाई वढावा दिईनेछ ।

घ) नागरिकमा रहेका विद्यमान गुनासाहरुलाई सुझावको रुपमा स्वीकार गर्दै भविष्यका मार्ग चित्र निर्माणमा प्रयोग गर्ने अभिप्रायले यसै आ.व. भित्र **हेलो सरकार** को कार्यक्रम शुरु गरि नागरिकका गुनासाहरु संकलन गर्ने कार्यको थालनी गरिनेछ ।

## १४. वातावरण तथा सरसफाई

क) घरवाट निस्कीने फोहोरको वर्गिकरण गरि प्राङगारिक मल बनाउने ज्ञान सिप र प्रविधि प्रदान गरि फोहोरबाट मोहर कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) मेरो घर सफा घर मेरो समाज सफा समाज भन्ने नाराका साथ सरसफाई अभियान सञ्चालन गरिनेछ ।

ग) जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । यसका लागि जलवायु परिवर्तनसाग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसाग सहकार्य गरि अगाडि बढ्ने नीति अख्तियार गरिनेछ । गाउँपालिका भित्र विषादी हरुको प्रयोग न्यूनीकरण गर्ने तथा प्लाष्टिको प्रयोगलाई रोक लगाउने तर्फ कडा कदम चालिने छ ।

घं) विकास मानविय जिवनलाई खुशी प्रदान गर्ने साधन पक्कै हो । तर विकास संगै जल, जमिन, प्रकृति र पर्यावरणको संरक्षणको जिम्मेवारीलाई पनि विर्सन मिल्दैन भन्ने कुरालाई ध्यान दिदै हरित विकासको अवधारणालाई अवलम्वन गरी दिगो विकास प्राप्तिका लागि **"विगारेर हैन, सिंगारेर विकास गरौ"** भन्ने नीतिलाई प्रत्येक पूवार्धार विकासको चरणमा प्रयोग गर्दै लगिनेछ ।

## १५. युवा तथा रोजगार

क) यस गाउँ क्षेत्रका युवाहरुमा वेरोजगारीको दर उच्च छ, सक्रिय जनसंख्याको हिस्सा उच्च हुँदा पनि उक्त युवा जनशक्तिलाई रोजगारी प्रदान गर्न नसकिँदा एकातर्फ गरिबी न्युनीकरण हुन सकिरहेको छैन भने अर्कातर्फ उपलब्ध स्रोत साधनका समुचित परिचालन हुन नसकेको तीतो यथार्थ हाम्रो सामु छ । युवाहरुलाई उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी सिर्जना मार्फत गरिबी न्युनीकरण गर्ने, युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुद तर्फ प्रोत्साहन गर्ने खालका युवा लक्षित कार्यक्रमहरु ल्याइने छ । विदेशबाट फर्किएका युवा तथा अन्य युवाहरुलाई युवा स्वरोजगार कार्यक्रम मार्फत रोजगार मुलक उद्योग स्थापना र स्वावलम्वन रुपी व्यवसाय सञ्चालनमा अनुदान र आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

ख) सरकारको सहयोगी हातहरुको रुपमा कार्यक्रम संचालन गर्ने सरकारी गैरसरकारी संस्थाहरुलाई एकद्धार प्रणाली मार्फत सेवा प्रवाह गर्न आवश्यक समन्वय गरी प्रबन्ध मिलाईने छ । साथै यस गाउँपालिकामा सेवा प्रवाह गर्ने प्रत्येक गैरसरकारी संस्थाले अनिवार्य रुपमा गाउँपालिकाको अनुमति सहित यसै गाउँपालीकामा कार्यालय स्थापना गरी रोजगार प्रदान गर्दा स्थानिय जनशक्ती लाई प्राथमिकतामा राख्नु पर्ने कुरामा पहल गर्दै **एक घर एक रोजगार** तर्फ कदम अघि बढाईने छ । विना अनुमति आफ्ना गतिविधिहरु सञ्चालन गर्ने गैरसरकारी संस्थाहरु प्रति कडा कारवाहिको थालनी गरिनेछ ।

## १६. उद्योग तथा व्यवसाय

क) २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भुकम्पवाट क्षति भएका संरचनाहरुको पुनः निर्माण कार्यमा देखिएका जटिल समस्याहरुको सम्वोधनको लागि एक गाउँपालिका स्तरिय कार्यदल गठन गरि आवश्यक थप पहलकदमी गरिने छ । साथै पुनः निर्माण कार्यमा देखीएको पुन निर्माण सामाग्रीको अभावलाई न्यूनिकरण गर्न यस गाउँपालिका भित्र रहेका निर्माणजन्य सामाग्रीहरु उत्पादन गर्ने उद्योगहरुलाई कानुनी दायरा भित्र ल्याई संचालनको लागि आवश्यक संरक्षण, सहजीकरण र सरलिकरणका नीतिहरु अवलम्वन गरिने छ ।

ख) उद्योग, व्यवसायको विस्तार संगै वढ्दै गएको गुणस्तरहिन उपभोग्य वस्तुको वितरणमा नियन्त्रण गरी आम उपभोक्तालाई गुणस्तरीय उपभोग्य वस्तु उपलब्ध गराउन वजार अनुगमनलाई तिव्रता दिई दोषीलाई कानुनी कठघरामा उभ्याउने नीति अवलम्वन गरिनेछ ।

## १७. दैवि प्रकोप तथा विपद् व्यवस्थापनः

क) गाउँपालिका भित्र कुनै पनि किसिमको दैवि प्रकोप भई विपद् व्यवस्थापन गर्नुपर्ने अवस्था आउंदा प्रयोग गर्न आवश्यक वजेटको व्यवस्था गरि एक विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ ।

## १८. विविध

क) सार्वजनिक जग्गा अतिक्रमण गरी निजी प्रयोजनको लागि भोगचलन गर्ने नागरिकहरुलाई स्व-घोषणा मार्फत उक्त जमिन खाली गर्न सुचना मार्फत अनुरोध गरिनेछ । सुचनालाई वेवास्था गरि कसैले सार्वजनिक जग्गाको भोगचलनलाई निरन्तरता दिएमा गाउँपालिकाले उक्त जमिन खालि गराई वालवालिका मनोरञ्जन पार्क, फलफुल वंगैचा लगायत माटो सुहांउदो अन्य कृषि जन्य उत्पादनमा प्रयोग गर्ने नीति कडाईका साथ लागू गरिनेछ ।

**अन्त्यमा,**

आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यसकोलागि आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका सबै कार्यक्रमहरु सम्पन्न गरि संघिय सरकारको सुखी नेपाली समृद्ध नेपालको परिकल्पनालाई सार्थकता प्रदान गर्न यस वर्षलाई **'समृद्धिको खोजी'** वर्षको रुपमा मनाउने निती अवलम्वन गरेको छ ।

यसै नीती तथा कार्यक्रमलाई आत्मसाथ गर्दै यस गाउँपालिकाका स्थानिय बासि, समाजसेवि तथा जनप्रतिनिधिहरुले दृढ इच्छा र शक्तिले लागेमा यस गाउँपालिका समृद्ध पञ्चकन्या गाउँपालिका हुन धेरै समय कुर्न नपर्ने विश्वास हामिले लिएका छौ । **सानो लक्ष्य लिनु अपराध हो महान् लक्ष्य राख** भन्ने भनाईलाई मनन गर्दै सामाजिक सद्भाव र एकताबाट सामुहिक रुपमा विकासको खोजीमा जुट्नु पर्छ भन्ने हाम्रो मान्यता रहि आएको छ । स्थानिय सरकारकारको निति तथा कार्यक्रमको कार्यान्वयनको क्रममा विविध समस्या आईपर्न सक्छन् कुनै पनि समस्याको समाधान कानुनी तवरबाटै हुनुपर्छ । **बल र छल सदैव घातक मात्र हुन्छ** र अन्तत यसले निम्त्याउने जटिलता मात्र हो । त्यसैले जटिलताको अन्त्यको लागि यो निति तथा कार्यक्रम कार्यान्वयनमा पञ्चकन्या गाउपालिकाको भुगोलभित्र गोलबद्ध आम नागरिक वुद्धिजिवी, आमा-वुवा, दाजु-भाई, दिदी वहिनी, जनप्रतिनिधि तथा कर्मचारी वर्ग सवै बल र छलको कदम .बाट टाढा वसी एकतावद्ध भएर अगाडी वढि सम्वृद्धिको खोजी वर्षलाई सार्थकता प्रदान गरौ भन्ने संकल्पको हामीले आशा गरेका छौ ।

धन्यवाद ।